**संयुक्त राष्ट्रसङ्घ विश्वविद्यालय**
नीति अनुसन्धान केन्द्र

**नीति** सार–सङ्क्षेप
नोभेम्बर, २०२४

# पहिचानको अभाव/दुरीलाई कम गर्नु

## नेपालमा सरकारी कागजातमाथिको पहुँचमा सुधार तथा आधुनिक दासताको जोखिम न्यूनीकरणका लागि नीतिगत सिफारिसहरू

हेभन क्रले[i], अनिता घिमिरे[ii] र अङ्हराड स्मिथ[i]

**मुख्य सुझाव/सिफारिसहरू:**

- **अन्तरिम पहिचानजन्य प्रमाणपत्र जारी गर्ने कार्य सुव्यवस्थित गर्नेः विशेषतः** पहिचान खुल्ने कुनै पनि कागजात नभएकाका लागि अन्तरिम पहिचानजन्य प्रमाणपत्र जारी गर्ने स्थानीय पहलहरूको कार्यान्वयन तथा विस्तार गर्ने ।
- **जन्मदर्ता र नागरिकताबारे सार्वजनिक सचेतना अभिवृद्धिः** समयमै जन्मदर्ता एवम् नागरिकताका लागि आवेदन दिनका लागि प्रोत्साहित गर्न स्थानीयस्तरका सूचनाका माध्यममार्फत ती कागजात बनाउन लाग्ने खर्च र तिनबाट हुने आर्थिक लाभबारे स्पष्ट सन्देश सहित लक्षित सचेतना अभियान सञ्चालन गर्ने ।
- **सहयोग पुर्‍याउने खालका नीति तर्जुमा गर्न स्थानीय सरकारसँगको पैरवीः** जन्मदर्ता र अन्तरिम पहिचानजन्य कागजातहरू जारी गर्नको लागि लचिलो नीति बनाउन तथा त्यस्ता कागजात आवश्यक सेवाहरूका लागि मान्य हुने कुराको सुनिश्चितता गर्न स्थानीय सरकारलाई घच्घच्याउने।
- **बहुपक्षीय सरोकारवालासँगको सहकार्य प्रवर्द्धनः** बैंकिङ्, सामाजिक सुरक्षा, शिक्षा र कानूनी सेवाहरूमा पहुँचका लागि अन्तरिम कागजातले मान्यता पाउने कुराको सुनिश्चितता गर्न सामुदायिक सङ्गठन, वित्तीय संस्था र स्थानीय सरकारसँग सहकार्य गर्ने ।
- **लक्षित सहयोगमार्फत जोखिमी आवस्थामा रहेका समूहको सशक्तीकरणः** नागरिकता लिनको लागि हुने झञ्झट एवम् बोझ कम गर्न तथा आधुनिक दासताको जोखिमलाई न्यूनीकरण गर्न खासगरी महिला, बालबालिका लगायतका जोखिमी अवस्थामा रहेका

**परिचय**

सरकारी कागजात नभएका व्यक्तिहरूले आधारभूत अधिकार तथा सेवा सुविधाहरूबाट प्रायः वञ्चित हुनुपर्ने; साथसाथै सामाजिक लाञ्छना, आर्थिक सीमान्तीकरण तथा राजनीतिक प्रतिनिधित्व र कानूनी संरक्षणको अभाव हुने लगायतका असङ्ख्य जटिल चुनौतीको समेत सामना गर्नुपर्ने हुन्छ भन्ने कुराको सचेतना वृद्धि हुँदै गएको छ। यस्ता व्यक्तिहरू शोषणमा पर्ने वा त्यसबाट प्रभावित भई आधुनिक दासताको चपेटामा परेको समेत प्रसस्त प्रमाण भेटिन्छन्। यद्यपि, सरकारी कागजातको अभावले आधुनिक दासताको जोखिमलाई बढाउँछ कि बढाउँदैन, र यदि बढाउँछ भने कसरी अनि कति बढाउँदछ भन्नेबारे भने थोरै मात्र जानकारी उपलब्ध छ।

यस्तो प्रमाणको अभावलाई सम्बोधन गर्ने उद्देश्यले सरकारी कागजातमा पहुँच नहुनु तथा मानव बेचबिखन र आधुनिक दासताको बढ्दो जोखिमबीचको सम्बन्धबारे अध्ययन गर्नका लागि द फ्रिडम फण्डको सहयोगमा संयुक्त राष्ट्रसङ्घ विश्वविद्यालयको नीति अनुसन्धान केन्द्रले मिश्रित विधि प्रयोग गरी एक कार्यमूलक अनुसन्धान गर्‍यो। विश्वव्यापीस्तरमा गरिएको यो अनुसन्धान विविधतायुक्त समुदाय तथा परिस्थितिलाई प्रतिनिधित्व गर्नेगरी उद्देश्यमूलक तवरले छानिएका तीनवटा लक्षित देशहरू ब्राजिल, केन्या र नेपालमा केन्द्रित रहेको थियो। यी देशहरू आधुनिक दासताका घटना उच्च भएको भनी चिनिएका देश हुन्, जहाँ समुदायमा आधारित कार्यक्रम गर्नका लागि द फ्रिडम फण्डले अग्रपङ्क्तिमा रहेर

i संयुक्त राष्ट्रसङ्घ विश्वविद्यालय नीति अनुसन्धान केन्द्र (UNU-CPR)
ii सामाजिक तथा वातावरणीय अनुसन्धान संस्था - नेपाल (ISER-N)

UNU CPR
THE FREEDOM FUND
unu.edu/cpr

कार्यरत संस्थाहरूसँग साझेदारी गरिरहेको छ । यस अनुसन्धानको निष्कर्ष विश्वव्यापी प्रमाण पुनरावलोकनका


रूपमा[1] र अन्तिम प्रतिवेदन *NO IDENTITY, NO PROTECTION: How lack of documentation drives modern slavery* **"पहिचान नहुनु, संरक्षण नहुनु होः सरकारी कागजातको अभावले कसरी आधुनिक दासतासम्म पुर्याउँदछ"**[2] भन्ने शीर्षकमा प्रकाशित भएको छ ।

नेपालमा गरिएको अनुसन्धान पुस्तौंदेखि नेपालमा बसोबास गरिरहेको भए तापनि पहिचानजन्य महत्वपूर्ण प्रमाणको अभावमा रहेका आप्रवासी समुदायमा केन्द्रित रहेको थियो। तीमध्ये अधिकांश भूमिहीन भएका कारण बँधुवा दासताको स्थितिमा बाँच्ने एवम् व्यवस्था/प्रणालीगत अवरोधको सामना गरिरहेका उल्लेख्य जनसङ्ख्याको प्रतिनिधि पात्र हुन्। यसका साथै, यस अनुसन्धानले आमाबाबु नागरिकताविहीन भएका कारण कसरी उनका किशोरावस्थाका तथा उमेर पुगेका सन्तानहरूले शिक्षा, रोजगारी, बसाइँसराइ र अन्य अवसरहरूको पहुँचमा सीमितता महसुस गर्दछन् भन्ने बारे समेत अध्ययन गरिएको थियो । यसरी आधुनिक दासताबाट प्रभावितहरूको जीवनका भोगाइबाट सुसूचित हुँदै प्रस्तुत नीति सार–सङ्क्षेपले नीति निर्माता, नागरिक समाजका संस्था र दातृसंस्थाका लागि व्यावहारिक समाधान पहिल्याएको छ ।

## सरकारी कागजात अभाव हुनुका कारकबारेको बुझाइ

उपलब्ध अभिलेख तथा अध्ययनहरूले सरकारी कागजातमा पहुँच नहुनुको दुई प्रमुख कारणबारे उजागर गरेका छन्– (१) जन्मदर्तामा अवरोध, र (२) आफू जन्मिएको देशबाट बसाइँ सर्ने वा जबर्जस्ती देश छोड्न बाध्य पारिएका व्य-क्तिहरूको सरकारी कागजातको पहुँचमा भएको चुनौती । यस अनुसन्धानले

चित्र १: सरकारी अभिलेखमा नरहेका व्यक्तिहरूः कारक तत्व तथा खास समूहहरू




1 हेभन क्रले, अनिता घिमिरे, लुइस हेर्न्स मार्सेलिन, लिन्दा आउचो र अङ्गहराड स्मिथ (२०२४), आधिकारिक कागजात नभएका व्यक्तिहरूमा आधुनिक दासत्वको जोखिम: एक विश्वव्यापी प्रमाण समीक्षा (नयाँ योर्क, द फ्रिडम फन्ड, २०२४)। उपलब्ध छ: https://www.freedomfund.org/app/uploads/2024/04/peoplewithoudocumentation-2024-04.pdf।

2 हेभन क्रले, अनिता घिमिरे, लुइस हेर्न्स मार्सेलिन, लिन्दा आउचो र अङ्गहराड स्मिथ, **पहिचान नहुनु, संरक्षण नहुनु होः सरकारी कागजातको अभावले कसरी आधुनिक दासतासम्म पुऱ्याउँदछ** (नयाँ योर्क, द फ्रिडम फन्ड, २०२४)। उपलब्ध छ: https://www.freedomfund.org/news/no-identity-no-protection/।

भने सरकारी कागजातको अभावका कारकहरू अलिक बढी नै जटिल रहेको पहिल्याउँदछ । अध्ययनले सरकारी कागजात नभएका रैथाने तथा आप्रवासी लगायतका विभिन्न व्यक्तिका भिन्दाभिन्दै, तर सम्भवतः एकअर्कोसँग जोडिएका, समस्याका कारणलाई केलाएको छ । त्यस्ता कारकहरू प्रायःजसो प्रशासनिक असक्षमता, भेदभावपूर्ण व्यवहार, सामाजिक–आर्थिक चुनौती तथा कानूनी अवरोधहरूसँग अन्तर्सम्बन्धित हुने गर्दछन् (हे. चित्र १)।

नेपालको घटना अध्ययनमा सरकारी कागजात पाउन नसक्नुका कारकबारे थुप्रै पक्षहरू पहिचान गरिएका थिए । तीमध्ये प्राथमिक कारकहरूमा– (१) स्थानीय सरकारले (सरकारी कागजात पाउनका लागि) "कानूनी रूपमा हकदार" नमान्नु, (२) सरकारी कागजात पाउनको लागि तोकिएको योग्यतासम्बन्धी शर्त पूरा गर्न असफल हुने व्यक्तिहरू, र (३) सरकारी कागजात पाउनको लागि आवेदन दर्ता गर्न रोक्ने व्यावहारिक एवम् सामाजिक अवरोधहरू, पर्दछन् । मुख्य कारकहरू-बारे देहायबमोजिम चर्चा गरिएको छः ।

## स्थानीय सरकारले सरकारी कागजात पाउनका लागि "कानूनी रूपमा हकदार" नमान्नु

नेपालमा गरिएको यस अनुसन्धानले पुस्तौंदेखि यहाँ बसोबास गरिआएका आप्रवासी समुदायसँग सम्बन्धित लामो समयदेखि व्याप्त रहेको एउटा महत्व-पूर्ण मुद्दा उजागर गरेको छ । नेपाल सरकारले केही आप्रवासीलाई नागरिकता दिएको भए तापनि त्यसरी दिइएको नागरिकता प्रायःजसो "अङ्गीकृत" प्रकृतिको हुन्छ । त्यस्तो नागरिकता वंशजको आधारमा प्राप्त हुने नागरिकता जस्तो हुँदैन र त्यसको आधारमा उनीहरूका सन्तानलाई नागरिकता दिन सकिँदैन । यसले उनीहरूको पछिल्लो पुस्ता (छोराछोरी) लाई नागरिकताविहीन बनाउँदछ ।

नेपाल र भारतबीच सीमा वारपार विवाह हुनु सामान्य कुरा हो। तर त्यसको कारण उत्पन्न हुने महिलाको नागरिकता सम्बन्धमा महत्वपूर्ण सवाल विद्यमान रहेको पाइन्छ । भारतीय पुरूषसँग विवाह गर्ने नेपाली महिलाले नागरिकता पाउनको लागि सात वर्ष कुर्नुपर्दछ । त्यसको विपरीत नेपाली पुरूषसँग विवाह गर्ने भारतीय महिलाले भने नेपालको नागरिकता लिन पाँच वर्ष कुर्नुपर्ने हुन्छ र आफ्नो भारतीय नागरिकता त्याग्नुपर्छ ।त्यस्तो अवस्थामा यदि त्यसरी कुर्नुपर्ने अवधि पूरा नहुँदै उनीहरूको वैवाहिक सम्बन्ध टुटेमा अथवा उनीहरूका श्रीमानले नागरिकता दिलाउन सहयोग नगरेमा ती महिलाको हकमा नागरिकता प्राप्तिका अन्य कुनै उपाय बाँकी रहँदैनन् । साथै, विवाहित महिलाले आफ्ना आमाबाबुको तर्फबाट नागरिकता प्राप्त गर्न पनि सक्दैनन् । त्यसैले उनीहरूले आफ्नो पति-मार्फत नै नागरिकता लिनुपर्दछ । यसको अर्थ, भारतीय नागरिकसँग विवाह गर्ने नेपाली महिलाले आफ्ना आमाबाबुको नागरिकताको आधारमा आफ्नो नागरिकता पुनः लिन सक्ने अवस्था रहँदैन, जसले गर्दा ती महिला राज्यविहीन हुने सम्भावनालाई बढाउँदछ ।

नेपाल नागरिकता ऐन, २०६३ मा सन् २०२२ मा भएको संशोधन अनुसार आमाको नामबाट सन्तानले नागरिकता पाउन सकिने प्रावधान भए तापनि प्रस्तुत अध्ययन गरिएको कुनै पनि ठाउँमा उक्त व्यवस्था कार्यान्वयन भएको पाइएन । त्यसको परिणाम स्वरूप पतिसँग अलग भएका (वा सँगै नबसेका) महिलाले आफूसँग नागरिकता भए पनि आफ्ना सन्तानलाई नागरिकता दिन सक्दैनन् । यस बाहेक, पतिसँग अलग भएका तथा माइतीमा बसेका विवाहित महिलाका हकमा आमाबाबुको नागरिकताको आधारमा नागरिकता प्राप्त गर्ने व्यवस्था अझैसम्म पनि नभएको कुरा हाम्रो अनुसन्धानले पत्ता लगाएको छ । फलस्वरूप, विवाह अघि नै नागरिकता नलिएका र अहिले पतिबाट अलग भएका महिलाहरू राज्यविहीन हुने उच्च जोखिममा छन् ।

## सरकारी कागजात पाउनको लागि योग्यतासम्बन्धी शर्त पूरा गर्न असमर्थ व्यक्तिहरू

नेपालमा, सरकारी कागजात पाउनको लागि योग्य हुने कुरा नेपाल र भारतबी-चको ऐतिहासिक आप्रवासनको स्वरूपसँग नजिकबाट गाँसिएको छ । राजा महेन्द्र (सन् १९२०–१९७२) ले भारतीय मूलका व्यक्तिहरूलाई जमीन दिने निर्णय गरेपछि नेपालमा बसाइँसराइको ठूलो लहर चल्यो । यस अवधिमा, (नेपालको) नागरिकतासम्बन्धी कानून तुलनात्मक रूपमा लचकदार थियो र नागरिकता पाउनका लागि योग्य हुन पाँच वर्ष बसोबास गरेको भए पुग्दथ्यो । यद्यपि, त्यसपछि लागू भएका भूमि सुधारसम्बन्धी ऐनहरूले भूमिको स्वामि-त्वबारे केही प्रतिबन्ध लगायो र यसलाई सिधै नागरिकता प्राप्तिसँग जोड्यो । कानूनी व्यवस्थामा भएको यस्तो परिवर्तनले बर्दिया, सप्तरी र रौतहट जिल्लाका धेरै मानिसलाई जग्गाजमीनमा स्वामित्व नभएकै कारणले नागरिकता पाउनबाट अयोग्य बनाएको छ ।

नेपाली नागरिकता प्राप्त गर्न असमर्थ समूह

१. **नागरिकता वितरणको समयमा अनुपस्थितः** नागरिकता वितरण अभियान सञ्चालन भएका बखत देशका अन्य भागमा काम गरिरहेका व्यक्ति र समयमा नै आफ्नो स्थायी बसोबास भएको ठाउँमा फर्कन नसकेकाहरू ।
२. **नागरिकताको महत्वबारे जानकार नभएकाः** जमिनदार वा समुदायका नेताहरूको सहयोग नपाएका, नागरिकताको महत्वबारे बुझ्न नसकेका अथवा आफ्नो बसोबास र रोजगारीको यकिन टुङ्गो नभएका व्यक्तिहरू ।
३. **सरकारी कागजातमा पहुँचका लागि चुनौती भोग्नेः** भारतबाट आएका आप्रवासी र कानूनले आवश्यक भनेको आमाबाबुको पहिचानसम्बन्धी सरकारी कागजात उपलब्ध गराउन नसकेका नेपालभित्रका आन्तरिक आप्रवासीहरू ।
४. **सामाजिक अवरोधको सामना गर्नेः** सरकारी कागजात प्राप्त गर्न परिवार र समाजबाट नै प्रतिरोध भोग्न बाध्य महिला र बालिकाहरू । तिनमा, (क) आफ्नै राजीखुसीले विवाह गरी गएका कारण परिवारले बेवास्ता गरेका, र (ख) सम्पत्तिको अधिकार माग्लान् वा लैङ्गिक हिंसाविरूद्ध कानूनी उपचार खोज्लान् कि भन्ने डरले नागरिकता लिन आवेदन दिने प्रक्रियामा परिवारले नै सहयोग नगरेका व्यक्तिहरू पर्दछन् ।

## सरकारी कागजात लिन आवेदन दिंदा आउने व्यावहारिक एवम् सामाजिक अवरोधहरू

उपलब्ध माध्यमिक स्रोतका लिखित सामग्रीको विस्तृत समीक्षा र मुख्य सूचनादाता एवम् आधुनिक दासताबाट प्रभावित व्यक्तिहरूसँग गरिएको अन्त-र्वार्ताले सरकारी कागजात लिनको लागि आवेदन गर्दा व्यक्तिले सामना गर्नु-पर्ने विभिन्न चुनौतीबारे उजागर गरेको छ । नेपालमा, खासगरी सीमान्तकृत समुदायको हकमा (त्यस्तो कागजात लिन गरिनुपर्ने) प्रक्रिया चुनौतीपूर्ण रहेको पाइन्छ । त्यस्ता अवरोधहरूलाई मुख्यगरीः (क) सचेतना तथा ज्ञानको कमी, (ख) प्रशासनिक अवरोध, (ग) लागत वा खर्च लगायतका व्यावहारिक अवरोध, र (घ) सामाजिक मूल्यमान्यतामा व्याप्त रहेका भेदभाव– गरी चार समूहमा वर्गी-करण गर्न सकिन्छ ।

सरकारी कागजात लिनको लागि एक मुख्य अवरोध भनेको यसको महत्व तथा यसबाट हुने फाइदा/लाभबारे आम रूपमा सचेतना/जागरूकताको अभाव हुनु हो । यो समस्या विशेषगरी साक्षरता दर कम भएका समुदायमा गम्भीर रूपमा रहेको छ । ती समुदायमा सरकारी सेवा तथा कानूनी अधिकारमा पहुँच बनाउन सरकारी कागजात कत्तिको महत्वपूर्ण हुन्छ भन्ने बारे असाध्यै सीमित बुझाइ रहेको पाइन्छ । नेपालको यस अनुसन्धानले नागरिकता लिने आवश्यकता महसुस नभएको अथवा त्यसको फाइदाबारे नबुझेकै कारणले सरकारी कागजात पाउन योग्य व्यक्तिमध्ये उल्लेख्य सङ्ख्याले नागरिकता लिनको लागि आवेदन नदिएको तथ्य समेत उजागर गरेको छ । यस्तो समूहमा मुख्यतया इँटा-भट्टामा काम गर्ने पुरूष र भारतमा मौसमी कामका लागि बसाइँ सर्ने युवाहरू पर्दछन् जो वर्षभरिमा केही समयको लागि मात्र घर आउँदछन् । सँधै काममा खटिनुपर्ने भएकाले प्रायःजसोले नागरिकता लिनका लागि आफूहरूले आवेदन नै नदिएको कुरा बताएका छन् । यसको कारण भनेको या त उनीहरू नागरिकताको महत्वबारे अनभिज्ञ हुन्छन् वा त्यो लिन आवेदन दिने आवश्यकता नै महसुस गर्दैनन् । त्यस्तो परिस्थितिमा कामका लागि बसाइँसरेका कामदारका श्रीमतीहरूले नेपालमा नै बसोबास गरिरहेको भए पनि श्रीमानको नागरिकता नभएका कारणले गर्दा आफ्नो नागरिकता लिन पाएका हुँदैनन् ।

प्रशासनिक अवरोधहरूले गर्दा आवेदन दर्ता प्रक्रियालाई थप जटिल बनाउँदछ । दर्ता गर्ने कार्यालयमा थेरै पटक धाउनुपर्ने र विवाहदर्ता प्रमाणपत्र लगायत थप कागजातको आवश्यकता पर्ने जस्ता कार्यविधिको जटिलताले धेरैलाई त्यस्तो प्रक्रिया पूरा गर्नबाट रोक्न सक्दछ । नेपालमा नागरिकता ऐनका प्रावधानहरू र तिनको व्यावहारिक कार्यान्वयनबीच उल्लेख्य मात्रामा बेमेल रहेको पाइन्छ । उदाहरणको लागि, नागरिकता ऐन, २०६३ को सन् २०२२ देखि लागू भएको पछिल्लो संशोधनले महिलाले आफ्ना सन्तानलाई नागरिकता दिलाउन सक्ने व्यवस्था गरेको छ । तर, जिल्लैपिच्छे यस व्यवस्थाको कार्यान्वयनमा एकरूपता छैन, अझ यसले पतिसँग छुट्टिएर बसेका महिलाहरूलाई विशेष रूपमा प्रभवित पारेको छ ।

कागजात लिन आवेदन दर्ता गर्दा लाग्ने लागत, यातायात खर्च लगायतका व्यावहारिक अवरोधहरूले पनि महत्वपूर्ण भूमिका खेल्दछन् । यातायात खर्च, फाराम र फोटोको लागि खर्च जस्ता नागरिकताको आवेदन दिँदा लाग्ने खर्च न्यून आर्थिक हैसियत भएका मानिसले धान्न सकिने खालको नै छ । तथापि, कतिपय मानिसहरूलाई नागरिकता लिने प्रक्रिया खर्चिलो हुन्छ भन्ने लाग्नाले उनीहरू आधिकारिक सरकारी कागजात लिनको लागि निवेदन नै दिँदैनन् । यो कुरा रौतहट जिल्लाका दलित समुदायमा स्पष्ट रूपमा नै देखियो । र, यसले त्यहाँ सूचना–सञ्चार तथा सचेतना अभिवृद्धिको आवश्यकता रहेको कुरा समेत उजागर गरेको छ । अन्य कतिपयले भने सरकारी अधिकृतहरूले घूस दिन बाध्य पार्ने कारणले समेत आर्थिक रूपले विपन्न समूहका मानिसहरू नागरिकताको प्रमाणपत्र पाउन असमर्थ भएका पाइन्छन्, भनी बताएका छन्।

अन्तमा, भेदभाव र सामाजिक मूल्यमान्यताले विशेषगरी महिला र दलित तथा आदिवासी लगायतका सीमान्तकृत समूहका व्यक्तिहरूलाई थप बाधा–व्यवधान खडा गर्दछ । यी समूहहरूले प्रायः सामाजिक व्यवधानको सामना गर्नुपर्छ । र, गहिरोसँग जकडिएको सांस्कृतिक प्रथाका कारण सरकारी कागजात प्राप्त गर्ने प्रक्रियाबाट नै उनीहरू बाहेक हुन्छन् । लैङ्गिक मूल्यमान्यताले गर्दा खासगरी सरकारी कागजात लिन आफ्नो श्रीमानको घरपरिवारमा निर्भर हुनुपर्ने कारणले गर्दा तिनमा महिलाको पहुँच सीमित बनाएको कुरा यस अनुसन्धानका क्रममा नेपालको रौतहट जिल्लामा देखिएको छ । केही घटनाहरूमा भने सरकारी कागजातका लागि आवश्यक सिफारिस गर्न श्रीमानको घरपरिवार नमान्ने अथवा त्यसका लागि पैसा माग्ने गरेको समेत देखिएको छ । यसले गर्दा, महिला र उनीहरूका सन्तान नागरिकताविहीन हुन पुग्दछन् ।

## सरकारी कागजातको स्थिति र आधुनिक दासताको जोखिम

### आर्थिक र रोजगारीबारेका जोखिमहरू

नेपालमा, सरकारी कागजात नभएका व्यक्तिहरू मुख्य रूपमा अनौपचारिक क्षेत्रमा काम गर्न बाध्य हुने गर्दछन्, जसका कारणले उनीहरू गरिबी र सीमान्तीकरणको दुष्चक्रलाई निरन्तरता दिन बाध्य हुन्छन् । यसको अलावा, नागरिकता नभएका व्यक्तिहरू खासगरी खाडी मुलुक र दक्षिणपूर्वी एसियाका देशहरूमा वैदेशिक रोजगारी गर्नबाट वञ्चित हुन्छन् । विशेषगरी दक्ष युवा कामदारहरूले राहदानी (पासपोर्ट) लिन अथवा वैदेशिक रोजगारीका लागि आवेदन गर्न नसक्ने हुनाले विदेशमा उच्च पारिश्रमिक पाउने रोजगारीका अवसरबाट वञ्चित हुन पुग्दछन् । यसले गर्दा उनीहरूले भेदभावको स्थिति समेत भोग्नुपर्ने देखिन्छ; कागजात भएका समकक्षीले औपचारिक क्षेत्रमा गर्ने कामको तुलनामा नागरिकता नभएका व्यक्तिहरूलाई प्रायः कम पारिश्रमिक दिइन्छ भन्ने कुरा समेत यस अनुसन्धानले पहिचान गरेको छ ।

नेपालमा नागरिकताको प्रमाणपत्र नभएका व्यक्तिहरूका लागि ठूलो आर्थिक चुनौती खडा हुन्छ । नागरिकता नभएका व्यक्तिले जग्गा, घर लगायतका सम्पत्तिमा स्वामित्व प्राप्त गर्न, व्यवसाय दर्ता गर्न वा सरकारी जागीर खान तथा सामाजिक सुरक्षा योजनाबाट लाभ लिन सक्दैनन् । पारिवारिक विवाद भएपछि आफ्नो जग्गाजमीन गुमाउन पुगेका एक उत्तरदाता; आफ्नो व्यवसाय दर्ता गर्न नसकेको कारण प्रहरीको उत्पीडन भोग्नु परेको रौतहटका एक सैलुन मालिक; र कागजात पूरा गर्न नसकेका कारण आफ्नो खेतीबालीको लागि कम व्याजदरमा ऋण पाउन नसकेकी सप्तरीकी एक महिला लगायतका उदाहरणहरू यस अनुसन्धानका क्रममा भेटिएका छन् । यसको अलावा, भारतीय सीमा प्रहरीले नागरिकताको प्रमाणपत्र नभएका व्यक्तिहरूलाई कहिलेकाहीं सीमा वारपार गर्न अनुमति नदिएको घटना समेत पाइन्छन् । यसले गर्दा अत्यावश्यक वस्तुको किनबेचका निमित्त दैनिक सीमापार व्यापारमा निर्भर हुनेहरूको जीवन कष्टप्रद र महँगो भएको पाइन्छ ।

यसका साथै, बालबालिकाले प्रायःजसो अवस्थामा शिक्षा प्राप्त गर्न समेत सक्दैनन् । जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ (सन् १९७६) अनुसार आमाबाबुको नागरिकताको स्थिति जेजस्तो भए पनि अस्पतालको अभिलेख वा परम्परागत रूपमा सुत्केरी गराउने व्यक्ति (सुँडेनी) को पत्र लगायत जन्मको प्रमाण पेश गरी बालबालिकाको जन्मदर्ताको प्रक्रिया पूरा गर्न सकिन्छ । तथापि, व्यवहारमा भने नागरिकताको प्रमाणपत्र नभएका आमाबाबुले आफ्ना छोराछोरीको जन्मदर्ता गर्न नसकेका थुप्रै प्रमाण भेटिएका छन्। जन्मदर्ताको प्रमाणपत्र नपाएका बालबालिकालाई खासगरी पूर्वप्राथमिक कक्षापछि विद्यालयमा भर्ना हुन रोक लगाइएको पाइन्छ । यसको परिणामस्वरूप विद्यालय छोड्ने दर उच्च हुन पुग्दछ, बालश्रम तथा बालिकाको बालविवाह बढ्छ र उनीहरू अनौपचारिक काममा संलग्न हुनुपर्ने अवस्था आउँदछ । बालकहरूले भने कहिलेकाहीं विद्यालयसँग सरसल्लाह गरेर कक्षा ८ सम्म अध्ययन गर्छन्, तर सरकारले लिने बोर्ड परीक्षा दिन जन्मदर्ताको प्रमाणपत्र आवश्यक हुन्छ । जन्मदर्ता नभएकाले बालबालिका विद्यालय छोड्न पुग्दछन् र वरपर रहेको इँटाभट्टा जस्ता अनौपचारिक क्षेत्रमा काम गर्न थाल्दछन् । यसले जोखिमपूर्ण क्षेत्रमा बालश्रम बढाउँदछ । यस्ता कारणहरूले उल्लेखनीय रूपमा पुस्तौं–पुस्तासम्म गरिबी र सीमान्तीकरणको स्थितिलाई बढावा दिइआएको पाइन्छ ।

यसको साथै, आधिकारिक सरकारी कागजात नभएकाहरूको वित्तीय सेवाहरूमा पहुँच समेत गम्भीर रूपमा प्रतिबन्धित भएको हुन्छ, जसले आर्थिक अस्थिरतालाई बढाउँदछ । आधिकारिक सरकारी कागजात नभएकाहरू अधिकांश अवस्थामा बैंकमा खाता खोल्न, ऋण लिन अथवा औपचारिक वित्तीय प्रणालीमा सहभागी हुन असमर्थ हुन्छन् । नागरिकताको प्रमाणपत्र नभएकाहरूलाई समुदायमा रहेका बचत समूहले समेत सदस्य बन्न अथवा ऋण लिनबाट वञ्चित गर्दछन् । यस्तो बहिष्करणले उनीहरूलाई आर्थिक सहयोगका लागि अनौपचारिक वित्तीय पद्धति/ स्रोतहरूमा भर पर्न बाध्य पार्दछ, जहाँ अत्याधिक उच्च ब्याजदर हुन्छ र ऋण दिएर व्यक्तिलाई पासोमा पार्ने खालको परिपाटी व्याप्त हुन्छ ।

### सामाजिक पक्षहरू

सामाजिक रूपमा हेर्दा, सरकारी कागजात नहुनाले शिक्षा र रोजगारीको पहुँचमा प्रतिबन्ध लाग्दछ र मानिसहरूलाई राजनीतिक तथा कानूनी प्रक्रियामा भाग लिनबाट वञ्चित गर्दछ। सरकारी कागजात नभएको कारणले उनीहरू मतदाता नहुने भएकाले अनागरिकहरूको सवाल बोकी हिँडेर कुनै राजनीतिक फाइदा हुँदैन भन्ने धारणाका कारण यी सवालहरूमा कुनै खालको राजनीतिक पैरवी समेत नहुने गरेको तथ्य नेपालको अध्ययनका मुख्य सूचनादाताहरू बताउँदछन् । रौतहट र बर्दियाका स्थानीय तहका नेताहरूले भने यस्ता समुदायको पक्षमा पैरवी गरी उनीहरूका मुद्दामा समर्थन गरेका छन् । तर त्यस्तो समर्थन संस्थागत नीतिको कारण नभई व्यक्तिगत सुझबुझ अथवा नैतिक दायित्व सम्झी गरिएको पाइन्छ । सप्तरीमा भने यसो भएको देखिदैन, जहाँ श्रीमानको घरपरिवारबाट नागरिकताको लागि सिफारिस लिन खोज्दा स्थानीय नेताहरूले उक्त परिवार-लाई सहयोग गर्न अस्वीकार गरेका कारण महिलाले निराशा भोग्नुपरेको थियो । यस्तो बहिष्करणले उनीहरूको जीवनस्तर खस्किएको मात्र नभई बाँच्नको लागि शोषणजन्य परिस्थितिमा निर्भर हुन बाध्य बनाउँदछ, फलस्वरूप त्यहाँ विभिन्न खालका शोषण र बेचबिखनको जोखिम बढ्दछ ।

### कानूनी पक्षहरू

यस्तो भेदभाव सार्वजनिक सेवा र कानूनी व्यवस्थासम्म फैलिएको छ । सरकारी कागजात नभएका व्यक्तिहरूमाथि त्यहाँ पूर्वाग्रह वा अनुचित व्यवहार हुनसक्ने डर हुन्छ । यसले गर्दा सामाजिक बहिष्करणको स्थिति आउने तथा अधिकारी एवम् निकायप्रति विश्वासको अभाव हुन जान्छ । यसले शोषणलाई व्यापक रूपमा फैलनको लागि वातावरण सिर्जना गर्दछ र मानिसहरूलाई दुव्र्यवहार तथा आधुनिक दासताको दुष्चक्रमा फसाउँदछ । नेपालमा मुख्य सूचनादातासँग गरिएको अन्तर्वार्तामा सरकारी कागजात नभएका व्यक्ति-हरूले औपचारिक न्याय प्रणालीमा पहुँच पाउन धेरै नै अवरोधहरूको सामना गर्नुपरेको बताइएको छ । त्यसले गर्दा, उनीहरू आधुनिक दासतामा पर्नसक्ने जोखिमलाई थप बढाएको पाइन्छ । नागरिकताको प्रमाणपत्र नभएका व्यक्तिह-रू प्रहरी अथवा अदालतमा औपचारिक तवरले उजुरी दर्ता गर्नबाट वञ्चित हुन्छन् भनी उत्तरदाताहरूले बताएका छन् । यसको परिणामस्वरूप, यी व्यक्तिहरू अधिकांश अवस्थामा विवाद समाधान तथा मध्यस्तताको लागि स्थानीय समिति वा समुदायका अगुवा लगायतका अनौपचारिक संयन्त्रमाथि निर्भर हुन बाध्य हुन्छन् । त्यस्ता स्थानीय संरचनाहरूले विवादको न्यायपूर्ण समाधान दिन प्रयास गर्ने भए पनि यी व्यक्तिहरूको सरकारी कागजात नभएकाले सीमित विक-ल्पहरू मात्र उपलब्ध हुन्छ ।र, औपचारिक रूपमा कानूनी पूनरावलोकन गर्ने अवसर विना नै समितिका निर्णय स्वीकार्न उनीहरू बाध्य हुनुपर्दछ । उनीहरू समस्याको कानूनी उपचार खोज्न असमर्थ रहेको कुरा विपक्षीलाई थाहा हुने र विपक्षीले विवादको निर्णय आफ्नो पक्षमा पार्न खोज्ने हुँदा त्यस्तो अवस्थाले प्रायः उनीहरूको अहित नै गर्दछ ।

## असल अभ्यासहरू

सरकारी कागजात नभएको/नपाएको कारणले आधुनिक दासताको जोखिम उल्लेख्य मात्रामा बढ्ने तथ्य नेपालमा पुष्टि भएको छ । सरकारी कागजातमा पहुँच बढाउन गरिने पहल, कानूनी सुधार, समुदायको संलग्नता एवम् सहकार्य र नीतिमा समायोजन लगायतका बहुआयामिक रणनीतिमा आधारित हुनुपर्दछ । जोखिममा रहेका समूहले सामना गरेका विशेष खालका चुनौतीलाई विना भेदभाव सम्बोधन गर्नका लागि स्थानीयस्तरमा गरिने पहल एवम् समन्वयात्मक कार्य निकै प्रभावकारी हुन्छन् ।

यस प्रयासमा समुदाय र नागरिक समाजबाट भएगरिएका पहलले महत्व-पूर्ण भूमिका खेलेका छन् । नागरिकता नपाएका व्यक्तिका हकमा नागरिक समाजका संस्था तथा स्थानीय तहको न्यायिक समितिलाई संलग्न गराइएको मिश्रित ढाँचा (हाइब्रीड मोडेल) नेपालमा प्रभावकारी सिद्ध भएका छन् । प्रायः स्थानीय समुदायका सदस्यहरू नै रहेर गठन हुने यी समितिले नागरिकता लिन चाहनेहरूको सर्जमिन मुचुल्का गरिदिन्छन् । यी समितिहरूले नागरिकता नभएका व्यक्तिको हकको उल्लङ्घन भएका मुद्दामा समेत प्रहरी तथा न्यायिक समितिसँग विवाद समाधानको लागि समन्वय गरिदिँदै उनीहरूको न्यायमा पहुँच बढाउन मद्दत गर्दछन् ।

स्थानीय सरकारबाट गरिने नवीनतम अभ्यासहरूमा पनि उल्लेखनीय प्रगति भइरहेको छ । बर्दिया जिल्लाका स्थानीय सरकारहरूले विद्यालयसँग सहकार्य गरी बालबालिकालाई विद्यालयमा भर्ना गर्न सजिलो होस् भनी जन्मदर्ताको अन्तरिम प्रमाणपत्र बनाइदिएका छन् । रौतहट जिल्लामा अवलम्बन गरिएको नयाँ खालको उपायमा भने आमा वा बाबुमध्ये कुनै एक जनाको मात्र नागरिकता-को प्रमाणपत्र भए पनि छोराछोरीको जन्मदर्ताको प्रमाणपत्र बनाइदिने गरिएको छ । यसले सरकारी कागजात नभएको कारण महिलाले भोग्नुपरेका चुनौतीलाई सम्बोधन गरेको छ । यसको अलावा, स्थानीय सरकारले समेत तिनका लागि पहिचान खुल्ने अस्थायी पत्र (वा परिचयपत्र) बनाइदिएर सीमानामा आवागमन गर्न सहजीकरण गरिदिएका छन् । यस्तो अस्थायी पत्रलाई सीमा अधिकारीहरू-ले मान्यता दिएका छन् र त्यसले दैनिक आवतजावतलाई सहज बनाई स्थानीय अर्थ व्यवस्थामा समेत सहयोग पुर्याएको छ ।

तथापि, कानूनी पहलहरू लिनु भने आफैंमा कम चुनौतीपूर्ण छैनन् । नेपालको नागरिकता ऐन, २०६३ (त्यसमा भएको पछिल्लो संशोधन) ले गरेका सका-रात्मक परिमार्जनको बावजुद पनि खासगरी लैङ्गिक मुद्दासँग सम्बन्धित प्राव-धानहरूको कार्यान्वयनका सवाल भने टड्कारो रूपमा रहेको पाइन्छ । नयाँ नीतिलाई विद्यमान अभ्याससँग समायोजन गरी सरकारी कागजात बनाइदिने सम्बन्धमा देखिएका सरोकार तथा अमिल्दा कुराहरू हटाउन भने स्थानीय अधि-कारीहरूले सङ्घर्ष गर्नुपरिरहेको छ (कतिपय अवस्थामा उनीहरू हिच्किच्याउँ-छन् पनि)।यसका अतिरिक्त, डिजिटल तथा नागरिक दर्ता परियोजनाको कार्या-न्वयनमा विभिन्न तहका सरकारी निकायहरूबीचको कमजोर समन्वय तथा स्थानीय अधिकारीहरूलाई पर्याप्त तालिमको अभाव जस्ता बृहद् सवालहरूले समेत व्यवधान खडा गरेका छन् ।

यी रणनीतिहरूले सरकारी कागजात बनाउने बारे नेपालका विद्यमान सवाललाई सम्बोधन गर्न स्थानीय तहका नवीनतम प्रवर्तन तथा समुदायको नेतृत्वमा भएका पहलहरूको महत्वमाथि जोड दिन्छन् । तिनीहरूले आधुनिक दासतासँग गाँसिएका जोखिमहरूलाई प्रभावकारी रूपमा कम गर्नको लागि परिचयपत्र जारी गर्ने योजनामा निरन्तर सुधार तथा विस्तार गरिनुपर्ने आवश्यकताबारे समेत उजागर गरेका छन् ।

## नेपालमा सरकारी कागजातको अभावको स्थिति र आधुनिक दासताको जोखिमलाई सम्बोधन गर्नका लागि सिफारिसहरू

### १. अन्तरिम पहिचानजन्य प्रमाणपत्र जारी गर्नका लागि स्थानीय सरकारको पहललाई बढाउनु

- **असल अभ्यासहरूको विस्तारः** रौतहट र बर्दिया जिल्लामा गरिएको सफल अभ्यासहरूलाई नेपालका अन्य क्षेत्रमा विस्तार गर्नुपर्दछ । अन्तरिम पहिचानजन्य प्रमाणपत्र जारी गर्ने नीति अवलम्बन गर्न देशभरका स्थानीय सरकारलाई प्रोत्साहित गर्नुपर्दछ । अझ, विशेषगरी सीमा वारपार आवागमन हुने सीमा नजिकका जिल्लाहरूमा त्यस्तो नीति लिन प्रोत्साहन गरिनुपर्दछ ।
- **नमूना (पाइलट) कार्यक्रमहरूः** छानिएका जिल्लामा डिजिटल दर्ता प्रणाली र निःशुल्क सेवाको प्रभावकारिता परीक्षण त्गर्न नमूना (पाइलट) कार्यक्रम सुरुआत गर्नुपर्दछ, जसले गर्दा त्यस्ता पहललाई देशव्यापी विस्तार गर्न महत्वपूर्ण तथ्याङ्क उपलब्ध हुनेछ ।
- **अनुगमन तथा मूल्याङ्कनः** यी पहलहरूको प्रभावलाई मूल्याङ्कन गर्न एक सशक्त अनुगमन तथा मुल्याङ्कन कार्यढाँचा स्थापना गर्नुपर्दछ । त्यसले सरकारी कागजात अभावको स्थिति र त्यससँग गाँसिएको आधुनिक दासताको जोखिमलाई प्रभावकारी रूपमा कम गर्न सघाउँदछ ।

### २. जन्मदर्ता र नागरिकताबारे सचेतना अभियानलाई तीव्र पार्ने

- **लक्षित पहुँचः** आदिवासी, दलित र दुर्गम क्षेत्रमा बसोबास गरिरहेका मानिस लगायतका सीमान्तकृत समुदायको आवश्यकतासँग मेल खाने तथा उनीहरूको पहुँच बढाउने खालका लक्षित कार्यक्रमहरू तर्जूमा गरिनुपर्दछ, ताकि समाजको सबै वर्ग तथा तप्काका मानिसहरू जन्मदर्ताको महत्व तथा त्यसका प्रक्रियाबारे सचेत हुन सकून् ।
- **सांस्कृतिक संवेदनशीलताः** स्थानीय भाषा र परिप्रेक्ष्यआनुरूप सांस्कृतिक रूपमा संवेदनशील हुने खालका सञ्चार रणनीतिहरू अवलम्बन गरिनुपर्दछ, ताकि विविधतायुक्त समुदायसँग त्यसलाई अझै प्रभावकारी रूपमा गाँस्न सकियोस् ।
- **मोबाइलमार्फत सचेतना अभिवृद्धि इकाइ बनाउनेः** भेटघाट गर्न कठिन हुने दुर्गम क्षेत्रहरूमा पुग्नेगरी सूचना सामग्री तथा कर्मचारी सहितको मोबाइलमार्फत सचेतना अभिवृद्धि इकाइ खडा गरी परिचालन गर्नुपर्दछ । जसले गर्दा उनीहरूलाई तत्कालै दर्ता प्रक्रियाबारे शिक्षा तथा सहयोग प्रदान गर्न सकियोस् ।

### ३. राष्ट्रिय र स्थानीयस्तरमा नीति परिमार्जनका लागि पैरवी

- **राष्ट्रिय तहमा नीति निर्माण एवम् परिमार्जनका लागि पैरवीः** रौतहट र बर्दियामा सफल भएका स्थानीय पहलहरूबाट प्रेरित भई लचिलो जन्मदर्ता नीति तर्जुमा गर्न र परिमार्जनका लागि पैरवी गर्न राष्ट्रियस्तरका नीति निर्मातासँग काम गर्नुपर्दछ ।
- **राष्ट्रिय विकास योजनामा समावेशीकरणः** नेपालको बृहद राष्ट्रिय विकास योजनामा सरकारी कागजात अभावको स्थिति र नागरिकतासम्बन्धी मुद्दाको समावेश गर्न प्रयत्न गर्नुपर्दछ। जसले गर्दा त्यस्ता व्यक्तिहरूले आवश्यक राजनीतिक र आर्थिक सहयोग पाएको सुनिश्चित गर्न सकियोस् ।
- **स्थानीय शासन सम्बन्धमा तालिमः** स्थानीय सरकारका अधिकारीलाई अन्तरिम पहिचानजन्य सरकारी कागजात बनाउन र लचिलो जन्मदर्ता नीति अवलम्बन गरी तिनलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सक्नेगरी क्षमता अभिवृद्धि गर्नका लागि तालिम दिइनुपर्दछ ।

### ४. बहुपक्षीय सरोकारवालाबीचको सहयोग र सञ्जाललाई सुदृढ बनाउनु

- **सार्वजनिक–निजी साझेदारीः** वित्तीय संस्थान, शैक्षिक संस्था र सेवा प्रदायकहरूले अन्तरिम सरकारी कागजातलाई मान्यता दिनेगरी सहजीकरण गर्नका लागि सार्वजनिक–निजी साझेदारीलाई प्रवद्र्धन गर्नुपर्दछ ।
- **समुदायमा आधारित निगरानी समितिः** सरकारी कागजात बनाउने पहलको कार्यान्वयनको स्थितिबारे अनुगमन गर्न समुदायमा आधारित निगरानी समितिहरू स्थापना गरिनुपर्दछ, ताकि पारदर्शिता, उत्तरदायित्व र समुदायको संलग्नता सुनिश्चित गर्न सकियोस् ।
- **सीमा वारपार समन्वयः** अस्थायी कागजातलाई आपसी मान्यता दिन सकिनेबारे छलफल गर्न भारतीय अधिकारी र क्षेत्रीय निकायसँग संवाद आरम्भ गर्नुपर्दछ । जसले गर्दा सीमा वारपारको आवतजावत सुधार्न र सरकारी कागजात नभएको कारण आउनसक्ने अवस्थासँग गाँसिएका जोखिम घटाउन सकियोस् ।

### ५. लक्षित सहायता कार्यक्रमहरू उपलब्ध गराई जोखिममा रहेका समूहको सशक्तिकरण गर्नु

- **महिला र बालबालिकाका लागि लक्षित सहयोगः** सरकारी कागजात नभएका कारण विशेष खालका चुनौती भोग्न बाध्य तथा प्रभावित महिला र बालबालिकालाई विशिष्टीकृत सहयोग कार्यक्रमहरू तर्जूमा गरी लागु गर्नुपर्दछ । जसले गर्दा उनीहरूले प्राथमिकता सहितको सहायता प्राप्त गरेको सुनिश्चित गर्न सकियोस् ।
- **नागरिक समाजका लागि क्षमता अभिवृद्धिः** स्थानीय सरकार र समुदायसँग प्रभावकारी रूपमा संलग्न हुन आवश्यक उपकरण (वा विधि) र स्रोतहरू उपलब्ध गराउँदै, सरकारी कागजातमा पहुँचसम्बन्धी चुनौतीको सामना गरिरहेका व्यक्तिहरूको पक्षमा पैरवी गर्न र सहयोग गर्ने गरी नागरिक समाज सङ्गठनहरूको क्षमता अभिवृद्धि गरिनुपर्दछ ।
- **दीर्घकालीन सामाजिक सहयोगः** जोखिममा रहेका समूहहरू एकीकृत र आधुनिक दासताका जोखिमबाट पूर्णरूपमा सुरक्षित छन् भनी सुनिश्चित गर्न निरन्तर शिक्षा, स्वास्थ्य सेवा र जीविकोपार्जनका अवसरहरू प्रदान गर्दै सरकारी कागजातमा मात्र सीमित नभई अन्य दीर्घकालीन सामाजिक सहयोग कार्यक्रमहरू समेत लागु गरिनुपर्दछ ।

**आभारः** स्थलगत अध्ययन–कार्य, तथ्याङ्क ट्रान्सक्रिप्शन तथा प्रतिवेदन लेखनमा सुनिता भट्टराईले सहयोग गर्नुभएको थियो। त्यस्तै, आकृति कायस्थले तथ्याङ्क व्यवस्थापन, विश्लेषण तथा ट्रान्सक्रिप्शन कार्य गर्नुभएको हो । स्थलगत अध्ययनमा थप सहयोग गर्नुहुनेमा अनिता देवकोटा, दशरथ राम, गीता जीएम, लगन सदा र सुमिरा पासवान हुनुहुन्थ्यो। अनि, टेस पिल्किङ्टनले सम्पादनमा सहयोग गर्नुभएको थियो ।

**स्पष्टोक्तिः** यस कार्यपत्रमा उल्लेख भएका धारणा तथा विचार संयुक्त राष्ट्रसङ्घ विश्वविद्यालयको आधिकारिक नीति वा अवधारणासँग मेल नखान पनि सक्दछ ।

**आईएसबीएन:** ९७८-९२-८०८-६६४०-७ © संयुक्त राष्ट्रसङ्घ विश्वविद्यालय २०२४

सबै विषयवस्तु (पाठ, चित्र तथा ग्राफिक्स) अन्यथा उल्लेख गरिएकोमा बाहेक क्रियटिभ कमन्स् एट्रिब्युसन–नन कमर्सियल सेयर–एलाइक अजिओ लाइसेन्स (CC BY-NC-SA 3.0 IGO) बमोजिम प्रकाशित भएको हो । प्रस्तुत विषयवस्तुलाई अग्रीम अनुमति नलिइकन नै प्रयोग गर्न, पुनःपोष्ट गर्न र साभार गर्न सकिनेछ ।

**साभारः** हेभन क्रले, अनिता घिमिरे र अङ्गहराड स्मिथ, “पहिचानको अभाव/दुरीलाई कम गर्नु: नेपालमा सरकारी कागजातमाथिको पहुँचमा सुधार तथा आधुनिक दासताको जोखिम न्यूनीकरणका लागि नीतिगत सिफारिसहरू”, यूएनयू-सीपीआर नीति सार–सङ्क्षेप (न्यूयोर्क, संयुक्त राष्ट्रसङ्घ विश्वविद्यालय नीति अनुसन्धान केन्द्र, २०२४) ।